# हरिहरपुरगढी गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०७७

हरिहरपुरगढी गाउँपालिका

फाल्गुन, २०७७

# हरिहरपुरगढी गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०७७

प्रस्तावनाः

हरिहरपुरगढी गाउँपालिकामा छिटो, छरितो, मितव्यायी, पारदर्शीरुपमा आर्थिक सहायता प्रदान गर्न गाउँपालिकाको कोषको सहि सदुपयोग गरि गरिब, विपन्न, असहायहरु, विभिन्न, असहायहरु, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी हरिहरपुरगढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम "हरिहरपुरगढी गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले हरिहरपुरगढी गाउँपालिका लाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(च) "गाउँबासि" भन्नाले गाउँपालिका भित्र अस्थायी/स्थायी रुपले बसोबास गर्ने व्यक्ति, गाउँपालिका कर्मचारी, गाउँपालिका भित्र बेवारिसे रुपमा फेला परेका व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "आर्थिक सहायता" भन्नाले हरिहरपुरगढी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्दछ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३.मापदण्डः गाउले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहायबमोजिम हुनेछ ।

१.दुर्घटनाः गाउँपालिका क्षेत्रमा कुनै ठुलो दुर्घटना भई गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको तथा तत्काल उद्दार एवं उपचार

कारजाङ लामा
अध्यक्ष

गराउनु पर्ने अवस्थामा रु २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

२.दीर्घरोग तथा अन्य उपचार: गाउँपालिकावासिहरु मध्ये दीर्घरोग(किड्नी फेल तथा डाईलोसिस गर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर) लागेको अवस्था भएको तथा गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकको लागि २५ हजार सम्म उपलब्ध गराउन सकिने छ ।

३. गरिब तथा असहाय: यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको आर्थिक अवस्था कमजोर भई सामाजिक जीवनयापन सहज बनाउन सहायता आवश्यक भएको, आर्थिक अभावले शिक्षामा बाधा परेको, एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको त्यस्ता असहायको अवस्था हेरी २० हजार सम्म सहायता दिन सकिनेछ ।

४.प्राकृतिक विपत्ति तथा विपद् मा परेका घरबाट विहिन परिवार: यस गाउँपालिका क्षेत्रमा प्राकृतिक विपत्ति तथा विपद् परि धनजनको क्षति भई सामाजिक जीवनयापनमा प्रतिकुल असर परेको र प्राकृतिक प्रकोपबाट मृत्यु भएका परिवारलाई अवस्था हेरी एक पटकमा रु ५ हजार देखि २० हजार सम्म सहायता दिन सकिनेछ ।

## परिच्छेद-३

## आर्थिक सहायता भुक्तानी प्रक्रिया

<u>४.भुक्तानी प्रक्रिया:</u> आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१.मानवीय सहायता: दफा ३ को उपदाफा (१)(२)(३)(४) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखि गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी, वडा कार्यालयको सिफारिस ।

ख) उपचारको हकमा अस्पतालको चेक जाँच गरेको कागजात समेत ।

ग) छ महिना भित्र उपचारको बिलभर्पाई ।

घ) प्राकृतिक विपत्ति तथा विपदको हकमा प्रहरी सर्जमिन मुचुल्का समेत ।

२. उपदफा १ र २ बमोजिमका कागजात अध्ययन गरि दफा ३ को मापदण्ड अनुसार कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाले आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ । विशेष परिस्थितिमा गाउँपालिकाको अध्यक्षको तोकआदेशमा पनि भुक्तानी दिईनेछ। त्यसलाई कार्यपालिकामा अनुमोदित गर्नुपर्नेछ।

कारसाङ लामा
अध्यक्ष

३. उपदफा १, २ र ३ बमोजिम आर्थिक सहायता उपलब्ध गराउदा रु.१५,०००।- सम्म गाउँपालिका अध्यक्षको तोक आदेशमा र सो भन्दा बढी कार्यपालिकाको निर्णयबाट भुक्तानी दिन सकिनेछ।

४. सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्ने छ ।

५. सहायता प्रदान गर्दा बिल भर्पाइ र सोसंग सम्बन्धीत कागजात पेश गर्नुपर्नेछ ।

५. बचाउ: यस कार्यविधि जारी गर्नु भन्दा पहिले गाउँपालिकाबाट भएको आर्थिक सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।